# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गौर,रौतहट
### मधेश प्रदेश, नेपाल

(तेस्रो पटक प्रकाशित मिति २०८२/०३/१५ गते)

**आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी तेस्रो पटकको सूचना ।**

स्थानीय सरकार संचालन ऐन २०७४ तथा गौर नगरपालिकाबाट पारित आर्थिक ऐन अनुसार यस नगरपालिकाले विगतका बर्षहरुमा आन्तरिक आय संकलनको लागि ठेक्का लगाउदै आए अनुसार तपसिलका आय शिर्षकमा कर,शुल्क उठाउन बढाबढको माध्यमद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तेस्रो पटक सुचना प्रकाशित भएको मितिले (८) आठ दिनभित्र तपसिलका शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र छुटाछुटै रीतपूर्वक सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र बिकी हुने अन्तिम मिति २०८२/०३/२२ गते कार्यालय खुल्ने समय सम्म ।
२. बोलपत्र फाराम दस्तुर रु १,०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी कार्यालयमा दाखिला गर्नु पर्नेछ ।
३. बोलपत्र दर्ता हुने अन्तिम मिति २०८२/०३/२३ गते दिउसो १२:०० बजे सम्म हुनेछ, र सोही दिन ५:०० बजे दर्ता हुन आएका बोलपत्रहरु यस कार्यालयमा खोलिनेछ ।
४. बोलपत्र फारम खरिद गर्न इच्छुक फर्म वा कम्पनीको ईजाजत प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.वा.२०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । व्यक्ति भए नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले कबोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको नाममा रा.वा.बैक शाखा गौरमा रहेको धरौटी खाता नं.१२१०१००३०३००००००५ मा जम्मा गरेको सक्कल बैक भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
६. कबोल गरेको रकम एकमुष्ट बुझाएमा कबोल अंकको १०% ले हुने रकम छुट दिइनेछ । एकमुष्ट रकम बुझाउन नसक्नेलाई बोलपत्र स्वीकृत भए पश्चात ३ किस्तामा बुझाउने गरी किस्ताबन्दी गर्न सकिने छ । जसको लागि कबुल गरेको रकमको पहिलो किस्ता वापत नगदै सम्झौता हुनु भन्दा पहिला गौर नगरपालिकाको राजश्व शाखामा बुझाई दोस्रो किस्ता रकम बराबरको "क" वर्गको बैकबाट गौर नगरपालिकाको नाममा जारी भएको २०८३ साल श्रावण मसान्त सम्म म्याद भएको बैक जमानत पत्र पेश गर्नु पर्नेछ । किस्तामा रकम बुझाउनेलाई छुट दिईने छैन ।
७. ठेक्का अवधिमा बरहवा तालमा कुनै निर्माण तथा सौन्दर्यिकरण सम्बन्धी कार्य संचालन भएमा बाधा उत्पन्न गर्न पाईने छैन साथै सो वापत ठेक्का सकार रकममा मिन्हा माफी मागन पाइने छैन ।
८. नियमानुसार लाग्ने मू.अ.कर ठेक्का रकममा समावेश गरी यस कार्यालयमा बुझाउनु पर्नेछ ।
९. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैन् ।
१०. धरौटी रकम यस कार्यालयमा बुझाउनु पर्ने किस्ता रकममा मिन्हा हुने छैन । ठेक्का अवधि समाप्त भएपछि धरौटी रकम फिर्ता गरिनेछ ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१२. सिलबन्दी खाम माथि बोलत्रदाताको नाम, ठेगाना, ठेक्का नं.ठेक्काको शिर्षक प्रष्ट रुपमा खुलेको हुनु पर्दछ ।
१३. बोलपत्र फारम बिकी तथा दर्ताको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि कार्यालय खुलेको दिन कायम हुनेछ ।
१४. बोलपत्र, बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा खोलिनेछ तर निजहरु उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पुग्ने छैन ।
१५. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

**तपशिल**

| ठेक्का नं. | ठेक्काको नाम | आय शिर्षक | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | ठेक्का अवधि |
|---|---|---|---|---|
| ३/राजश्व/०८१/०८२ | बरहवा खोला माछा ठेक्का (रामजानकी छठघाट देखि उतर गौरी शंकर क्याम्पस नजिकको नहर सम्मको एरिया) | सरकारी सम्पतिको बहालबाट आय | २,०२,७००/- | आ.व.२०८२/०८३ |

प्रमुख प्रशासकिय अधिकृत

CamScanner